नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : ८/२०७५-७६** **मितिः २०७५/०६/०९**

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त "क" र "ख" वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ।

१. **एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १९/२०७४ को बुँदा (७) पछि देहाय बमोजिम बुँदा (८) थप गरिएको छ।**

**(८) विदेशी लगानीकर्ताले भित्र्याएको परिवर्त्य विदेशी मुद्राको निक्षेपको धितोमा नेपाली मुद्रामा कर्जा प्रदान गर्ने सम्बन्धी व्यवस्था : विदेशी लगानीमा स्थापना भएका उद्योग तथा परियोजनामा विदेशी लगानीकर्ताले भित्र्याएको परिवर्त्य विदेशी मुद्राको रकम नेपालका वाणिज्य बैंकहरुमा यस विभागको स्वीकृति लिई परिवर्त्य विदशी मुद्रामै निक्षेप राखी सोको धितोमा नेपाली मुद्रामा कर्जा लिन सक्नेछन्। यसरी कर्जा प्रवाह गर्दा धितोमा रहने विदेशी मुद्रा निक्षेपलाई उक्त बैंकले एयरमार्क गर्नुपर्ने र कर्जा सुरक्षासँग सम्बन्धित अन्य व्यवस्थाहरु अपनाउनु पर्नेछ।**

२. **एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १/२०७४ को बुँदा १.१ को १.१.२० पछि देहाय बमोजिम १.१.२१ थप गरिएको छ।**

**१.१.२१ Correspondent Bank मा राखेको विदेशी मुद्रा निक्षेपको धितोमा Confirmation को कार्य गर्न सक्ने व्यवस्था : नेपालका "क" वर्गका वाणिज्य बैंकहरुले स्वदेशी तथा विदेशी Correspondent Bank मा राखेको विदेशी मुद्रा निक्षेपलाई धितो राखेर स्वदेशी तथा विदेशी Correspondent Bank बाट प्रतितपत्र तथा Trade Finance Services को लागि Confirmation को सेवा लिन सक्नेछन्।**

**स्वदेशी तथा विदेशी Correspondent Bank ले प्रतितपत्रको Confirmation गर्दा कुनै दायित्व सृजना भएमा सोको भुक्तानीका लागि Confirmation गर्ने बैंकले दायित्व भुक्तानी गर्नु परेको खण्डमा सम्बन्धित बैंकको स्वदेश वा विदेशमा रहेको विदेशी मुद्रा निक्षेपबाट खर्च गरी प्रचलित व्यवस्था बमोजिम Confirmation गर्ने बैंकको दायित्व भुक्तानी दिन सक्नेछन्।**

**यसका अतिरिक्त, Confirmation गर्ने बैंक आफैसँग सम्बन्धित वाणिज्य बैंकको विदेशी मुद्रा निक्षेप रहेको खण्डमा Confirmation गर्ने बैंकले सोही निक्षेप प्रयोग गरी सृजना भएको दायित्व Settle गर्न सक्नेछन्।**

३. **एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १/२०७४ को बुँदा १.१ अन्तर्गत देहाय बमोजिम १.१.२२ थप गरिएको छ।**

**१.१.२२ अग्रीम रकम प्राप्त भएको आधारमा तेस्रो मुलुकको सामान नेपाल बाहेक अन्य मुलुकमा व्यापार गर्न पाइने व्यवस्था : विदेशबाट अग्रीम रुपमा विदेशी मुद्रा प्राप्त भएको प्रमाण प्रतितपत्र खोल्ने बैंकमा प्राप्त भैसकेपछि सोको आधारमा तेस्रो मुलुकका सामान विभिन्न पोर्टहरु मार्फत नेपाल नभित्र्याई सिधै मध्यस्थता व्यापार अन्तर्गत नेपाल**

बाहेक अन्य मुलुकमा प्रतीतपत्र मार्फत् अन्तराष्ट्रिय प्रचलन अनुरुप निर्यात व्यापार गर्न सकिनेछ । यस व्यवस्था अन्तर्गत प्रतितपत्र खोल्दा देहायका प्रक्रिया पुरा गर्नुपर्नेछ ।

(क) प्रतितपत्र सम्बन्धी विद्यमान व्यवस्था तथा अन्तर्राष्ट्रिय प्रचलन पालना गर्नुपर्नेछ ।

(ख) प्रतितपत्र खोल्नु अघि विदेशबाट अग्रीम रुपमा नेपाली बैंकमा विदेशी मुद्रा प्राप्त भएको हुनुपर्नेछ ।

(ग) प्रतितपत्र खोल्दा प्राप्त रकम ननाघ्ने गरी खोल्नु पर्नेछ ।

(घ) नेपालको प्रचलित कानुनले कारोवार गर्न निषेध नगरेको मालबस्तुको मात्र कारोवार गर्नुपर्नेछ ।

(ङ) **AML** तथा **CFT** सम्बन्धी व्यवस्थाहरुको पालना गर्नुपर्नेछ ।

४. **एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र ५/२०७४ को बुँदा (३) लाई देहायबमोजिम संशोधन/परिमार्जन गरिएको छ ।**

(३) **DEEMED EXPORT** लाई निर्यात सरह मान्यता दिने सम्बन्धी व्यवस्था :(क) कुनै नेपाली उत्पादनकर्ताले आफ्नो उत्पादित वस्तु ग्लोबल टेण्डर वा लोकल टेण्डर वा आपूर्ति सम्झौताको माध्यमबाट द्विपक्षीय वा वहुपक्षीय सहायता अन्तर्गत सञ्चालित आयोजनाहरू वा विदेशी सरकार वा विदेशी संघ/संस्थाहरूद्वारा परिवर्त्य विदेशी मुद्रामा खर्च व्यहोर्ने गरी सञ्चालित आयोजनाहरूलाई परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी बेचबिखन गरेमा यस प्रकारको विक्रीलाई बिदेश निर्यात भए सरह **(DEEMED EXPORT)** मानिनेछ ।

(ख) सुनचाँदी उद्योग तथा व्यवसायीहरुले यस बैंकबाट इजाजतपत्र लिई विदेशी, गैर-आवासीय नेपाली, कुटनीतिक नियोगका पदाधिकारीहरुलाई स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा सुनका गरगहना बिक्री गरेमा त्यस्तो विक्रीलाई **Deemed Export** सरह निर्यात भएको मानी विद्यमान व्यवस्था बमोजिम सुन उपलब्ध गराइनेछ ।

उपर्युक्तानुसार खण्ड (क) र (ख) बमोजिम आर्जन भएको परिवर्त्य विदेशी मुद्रा प्रचलित व्यवस्था बमोजिम इजाजतपत्र प्राप्त बैंकमा परिवर्त्य विदेशी मुद्राको खाता खोली सो खातामा जम्मा गर्न सकिनेछ ।

भवदीय

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ